# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर, म्याग्दी
## ४ नं. प्रदेश, नेपाल

## भूरुङ तातोपानी कुण्डमा ब्यबसाय संचालन ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र र (पुलकर)पशुचौपाया कर सम्बन्धी दरभाउपत्र आह्वान गरिएको सूचना

### प्रथम पटक प्रकाशित मिति २०७४।०४।२७

यस अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालयबाट साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ (संसोधन सहित)ले प्रदान गरेको अधिकार तथा यस गाउँ कार्यपालिकाको मिति २०७४/०४/२६ गतेको कार्यपालिकाको बैठकको निर्णय अनुसार निम्न ठेक्काहरु आ.व. २०७४/७५ को लागि (२०७४ असोज १ गतेदेखि २०७५ असार मसान्त सम्म) आय ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ठेक्का नं. १ को हकमा ३० दिन भित्र र ठेक्का नं. २ को हकमा १५ दिन भित्रमा निम्न शर्तहरुको अधिनमा रहि सिलबन्दी बोलपत्र तथा सिलबन्दि दरभाउपत्र आव्हान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१) सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ठेक्का नं. १ को हकमा ३० दिन भित्र र ठेक्का नं.२ को हकमा १५ दिन भित्र क्रमश: रु. ३०००। र रु.१०००।-(फिर्ता नहुने गरी) नगद बुझाई अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय,पोखरेबगर,म्याग्दी र अन्नपूर्ण गाउँपालिका २ नं वडाको कार्यालय,भुरुङ तातोपानी, म्याग्दीबाट प्राप्त गर्न सकिने छ । बोलपत्र फारम र दरभाउपत्रको फाराम प्रत्येक ठेक्काको छुट्टाछुट्टै खरिद गर्नु पर्नेछ । सो बोलपत्र फाराम र दरभाउपत्रमा आफुले कबोल गर्न चाहेको अंक भरी अंक र अक्षरमा भ्याट समेतको रकम बोलपत्रमा प्रष्ट उल्लेख गरी ठेक्का नं. १ को हकमा ३१ औं दिन र ठेक्का नं.२ को हकमा १६औं दिनको १२ बजे भित्र अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । पेश हुन आएको सिलबन्दी बोलपत्र र दरभाउपत्र सोही दिनको २.०० बजे कार्यालय प्रतिनिधि तथा बोलपत्र दाताको रोहवरमा खोलिने छ । बोलपत्र तथा दरभाउपत्र खरिद गर्न आउदा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि , मु.अ. करमा दर्ता भएको स्थायी लेखा नम्बर प्रमाणपत्र र आ.व.२०७२/७३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत लिई आउनुपर्नेछ ।

२) ठेक्का लिन चाहने इच्छुक ब्यक्तिहरुले धरौटीबापत आफुले कबोल गरेको अंकको नेपाली ५ प्रतिशत ( प्रत्येक ठेक्का नम्बरको) छुट्टाछुट्टै धरौटी बापतको रकम अन्नपूर्ण गाउँपालिकाको ने.बै.लि.,बेनी, म्याग्दीस्थित धरौटी खाता नं. ०६३०३०००००००३०००१५ मा जम्मा गरेको सक्कल बैक भौचर वा कम्तीमा ठेक्का नं. १ को हकमा ९० दिन र ठेक्का नं. २ को हकमा ७५ दिनको मान्यता प्राप्त बैंकको सक्कल जमानतपत्र संलग्न हुनुपर्ने छ ।

३) बोलपत्र तथा सिलबन्दी दरभाउपत्र फारमको खाम बाहिर ठेक्काको नाम खुल्नेगरी कार्यालयलाई सम्बोधन गरी पेश गर्नुपर्नेछ ।

४) आफुले पेश गरेको बोलपत्र फाराममा कबोल गरेको अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ । अंक केरमेट भएमा अक्षरलाई मान्यता दिइनेछ । रितपूर्वक दाखिला भएका बोलपत्र तथा दरभाउपत्रहरु स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

५) ठेक्का स्विकृत भएको जानकारी प्राप्त भएको मितिले ५(पाँच) दिन भित्र सम्झौता गर्न आउनुपर्नेछ । सो म्याद भित्र सम्झौता गर्न नआएमा ठेक्का प्रयोजनको लागि जम्मा गरेको धरौटी जफत गरी त्यसपछिको कवोल गर्ने वोलपत्र दाताहरुको वोलपत्रलाई स्विकृत गर्ने तर्फ कारवाही गरिनेछ ।

६) ठेक्का सम्झौता गर्न आउदा आफुले कवोल गरेको अंकको १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर, १३ प्रतिशत मुल्य अभिवृद्धि कर (भ्याट) रकम र कवोल गरेको ५० प्रतिशत रकम अन्नपूर्ण गाउँपालिकाको संचित कोष खाता नं ०६३०३०००००००४००१०४५मा अग्रिम दाखिला गर्नुपर्नेछ । दोस्रो किस्ता २५ प्रतिशत पौष मसान्त भित्र र अन्तिम किस्ता २५ प्रतिशत जेष्ठ मसान्त भित्र बुझाईसक्नु पर्नेछ ।

७) आफुले कवोल गरेको रकम एकमुस्ट बुझाउने स्विकृत वोलपत्र दातालाई १० प्रतिशत रकम प्रोत्साहन स्वरुप छुट दिइनेछ । एकमुस्ट रकम बुझाउन नसक्ने वोलपत्रदाताको हकमा दोस्रो र अन्तिम किस्ता बराबरको ठेक्का अवधिभर मान्य हुने बैंक जमानत पत्र पेश गर्नुपर्नेछ ।

८) स्विकृत वोलपत्रदाताले कर असुल गर्दा कार्यालयले तोकिदिएको दररेटमा मात्र उठाउन पाउनेछ । वोलपत्रदाता र दरभाउपत्र दाताले अन्नपूर्ण गाउँपालिकामा बुझाउनपर्ने रकम बाहेक अन्य कर दस्तुर स्वयंले बुझाउन पर्नेछ ।

९) ठेक्का स्वीकृत भएका ठेकेदारले अन्नपूर्ण गाउँपालिकाले तोकिदिएको कर उठाउदा प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई गरी सो रसिदहरु अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालयवाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।

१०) यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु यस गाउँपालिकाको गाउँ कार्यपालिकाको निर्णय तथा नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम हुने छ ।

११) कुनैशर्त सहितको वोलपत्र तथा दरभाउपत्र स्विकार्य हुनेछैन । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं.९८५७६८३८१० मा सम्पर्क राख्न सकिनेछ ।

**तपशिल**

**१) भूरुङ तातोपानी कुण्ड क्षेत्रमा ब्यबसाय संचालन**

तातोपानी कुण्ड प्रवेश गरे बापत प्रति व्यक्ती प्रति पटक नेपाली नागरिकलाई ने.रु.५०।०(पचास रुपैया )मात्र र गैर नेपाली नागरिकलाई प्रति व्यक्ती प्रति पटक ने.रु.१५०।० ( एक सय पचास ) मात्र कर लिने

| सि.नं. | ठेक्का नं. | विवरण | न्यूनतम अंक | अक्षरुपी | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | भूरुङ तातोपानी कुण्ड क्षेत्रमा ब्यबसाय संचालन | २५,००,०००।०० | पच्चीस लाख | मु. अ.कर बाहेक |

**२) पशुचौपाया कर**

व्यापारीक प्रयोजनका खसी, वोका, च्याङ्ग्रा, चेलु प्रति गोटा रु.२५। (पच्चिस) का दरले, राँगा भैंसी प्रति गोटा रु.१००। (एक सय), कुखुरा प्रति गोटा रु.५। (पाँच), चल्ला प्रति गोटा रु.१। (एक) र नेपाल कानुनले निषेध गरेका बाहेकका छालाहरु प्रति गोटा रु.५०। (पचास) का दरले निम्नानुसारको स्थानमा निम्नानुसार कर लगाउने ।

| सि.नं. | ठेक्का नं. | क्षेत्र | न्यूनतम अंक | अक्षरुपी | कैफियत |
|---|---|---|---|---|---|
| २ | २ | भूरुङ तातोपानी क्षेत्र | ३,५०,०००।०० | तिन लाख पचास हजार | मु. अ.कर बाहेक |

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्य पालिकाको कार्यालय
थार, पोखरेबगर, म्याग्दी
४ नं. प्रदेश नेपाल
२०७३

कार्यकारी अधिकृत
अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी ।